मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

४ कातिक २०८०, शनिबार
21 October 2023, Saturday

# फूलपाती भित्र्याइँदै

**काठमाडौं/मस–** आज दशैंको सातौं दिन घर-घरमा फूलपाती भित्र्याइँदैछ । दशैंमा शुभसाइतको प्रतीकको रुपमा फूलपाती भित्र्याउने गरिन्छ ।

फूलपातीमा पूजा कोठामा केराको बोट, उखु, बेलपत्र, धानको बाला लगायतका सामग्री भित्र्याइन्छ ।



**टुँडिखेलमा फूलपाती बढाइँ**

राष्ट्रपति रामचन्द्र पौडेलको प्रमुख आतिथ्यमा सैनिक मञ्च टुँडिखेलमा आज अपराह्न फूलपाती बढाइँ समारोह हुनेभएको छ ।

बडादशैंको सातौं दिन आयोजना हुने फूलपाती बढाइँ कार्यक्रममा सैनिक परेड मुख्य आकर्षण रहनेछ । राष्ट्रपति पौडेल नेपाली सेनाको परमाधिपति हुन् । बढाइँ कार्यक्रममा सैनिक हेलिकोप्टरद्वारा पुष्पवृष्टिका साथै राष्ट्रिय गीतसहित विभिन्न धुन प्रस्तुत हुनेछ । सेनाले फूलपाती बढाइँअन्तर्गत राइफलबाट लहरे र एकट्ठा तथा तोपबाट पनि बढाइँ प्रस्तुत गरिने छ । समारोहमा प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख, राष्ट्रियसभा अध्यक्ष, उपप्रधानमन्त्री एवं रक्षामन्त्रीलगायत विशिष्ट महानुभाव सहभागी हुनेछन् ।

बडादशैंका सन्दर्भमा गरिने फूलपाती बढाइँ धर्म, संस्कृति र परम्परालाई निरन्तरता दिने विशिष्ट मौलिक कार्यक्रम मानिन्छ ।

नेपाली सेनाले सैनिक मञ्चमा हर्षोल्लासपूर्वक फूलपाती बढाइँ गर्ने पुरानै चलन हो । गोर्खाबाट ल्याइएको जमरा र फूलपाती हनुमानढोकाको दसैँघरमा भित्र्याउने साइत मिलाएर टुँडिखेलमा फूलपाती बढाइँ गरिन्छ । टुँडिखेलको बढाइँ सकिएपछि आवश्यक मात्रामा जनशक्ति राखेर अरुलाई दसैं बिदामा जान अनुमति दिने अभ्यास सेनामा छ ।

नेपालको स्वन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाका लागि संविधानप्रति प्रतिबद्ध नेपाली सेना समावेशी चरित्रको प्रमुख सुरक्षा संगठन हो । संगठनको प्रमुखमा हाल प्रधानसेनापति प्रभुराम शर्मा छन् ।

# डेल्फिक सांस्कृतिक सम्मेलनमा नेपाली ढाका टोपी

**काठमाडौं/मस-**भारतको कोलकातामा अन्तर्राष्ट्रिय डेल्फिक सांस्कृतिक सम्मेलन सम्पन्न भएको छ । अन्तर्राष्ट्रिय डेल्फिक काउन्सिलको आयोजना तथा इन्डियन डेल्फिक काउन्सिल र वेस्ट बंगाल डेल्फिक काउन्सिलको सहकार्यमा अक्टोबर १२ देखि १४ सम्म भएको सो सम्मेलनमा नेशनल डेल्फिक काउन्सिल नेपालले पनि सहभागिता जनाएको थियो ।

सम्मेलनमा सहभागी नेपाल डेल्फिकका अध्यक्ष श्रीदेव बिएलले नेपालको कला, संस्कृति, भाषा तथा कलाका विविध आयामहरूका बारेमा विश्वभरका डेल्फियनहरूमाझ प्रवर्द्धन गरेको बताए । सो अवसरमा विश्वभरका कला तथा संस्कृति अभियन्ताहरूलाई नेपालको भौगोलिक विविधतासँगै सांस्कृतिक विविधताको बारेमा पनि विशेष समय लिएर जानकारी गराएका थिए ।

नेपाल डेल्फिकको तर्फबाट नेपालको कला, संस्कृति, प्रमुख चाडपर्वहरू, प्रचलनहरू तथा संस्कारहरूका बारेमा प्रस्तुतिसहित नेपालको परिचय दिइएको थियो । नेपाल डेल्फिकका अध्यक्ष बिएलले सम्मेलनमा सहभागी सबैलाई नेपालको मौलिक 'नेपाली ढाका टोपी' र रुद्राक्ष लगाइदिई यसको महत्वबारे प्रकाश पारेका थिए ।

# बझाङ जिप दुर्घटनामा घाइते एक जनाको मृत्यु

शिवजी मण्डेल/मध्यान्ह
बझाङ, ३ कात्तिक

बझाङमा भएको जिप दुर्घटनामा परी घाइते भएका एक जनाको मृत्यु भएको छ। जिल्लाको छबिसपाथिभेरा गाउँपालिका-७ खोरीमा भएको जिप दुर्घटनामा परी घाइते भएका सोही वडाको बुड्खोरीका २५ वर्षीय रेशम महत (इनार)को मृत्यु भएको हो ।

शुक्रबार भाँडे बजारबाट बुड्खोरी जाँदै गरेको सुदूरपश्चिम प्रदेश ०१००१ ज १२६६ नम्बरको जिप ब्रेक फेल भएर खोरी र नौराको बीच सडकमा दुर्घटना हुँदा ६ जना घाइते भएका थिए । दुर्घटनामा परी घाइते महतको उपचारका क्रममा जिल्ला अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बझाङले जनाएको छ। दुर्घटनालगत्तै घाइतेहरूलाई गाउँपालिकाको एम्बुलेन्समार्फत उपचारका लागि जिल्ला अस्पताल लगिएको थियो । दुर्घटनामा परी घाइते हुनेमा छबिसपाथिभेरा गाउँपालिका ७ बुड्खोरीका रामबहादुर धामी, अशोक धामी, सन्तोष धामी, प्रकाश धामी र निरन धामी रहेका छन् ।

## संकटबीच...

मुलुक तुलनात्मक शान्त हुनु पनि हो। अघिल्ला वर्षहरुमा आमचुनाव, दलहरुको अधिवेशन, कोरोना महामारी, भारतीय नाकाबन्दी र त्यस भन्दा अगाडि संविधान निर्माणको सकस थियो। यसपटक कुनै राजनीतिक तथा अन्य किसिमका संकटहरु छैनन् । त्यसैले सरकारी तथा सार्वजनिक क्षेत्रमा आवद्ध व्यक्तिहरुले चाँडै दशैं मनाउन राजधानी सहित मुख्य सडकहरु छोडेका छन् ।

तर यसपटक पनि मुलुक संकटमै छ । विशेषगरी आर्थिक समस्याले यसपटकको दशैंलाई असर पुऱ्याएको छ। त्यसका पछाडि मुलुकमा बलियो सरकार बन्न नसक्नु र विश्वब्यापी संकटको असर हो । युक्रेन-रुस युद्धका कारणले विश्वब्यापी आर्थिक संकट लम्बिदै गएको छ । यो युद्धले विश्वब्यापी कोरोना महामारीका कारणले विश्व अर्थतन्त्र शिथिल बनेको थियो । लामो समय लकडाउन गर्नुपर्दा देखिएको आर्थिक संकटलाई रुस-युक्रेन युद्धले थप जटिल बनायो ।

त्यस्तो परिस्थितिबीच नेपालमा बलियो सरकार बन्न नसक्दा मुलुकको अर्थतन्त्र बलियो बन्न सकेको छैन । गत वर्ष मंसिरमा चुनाव सम्पन्न भएपछि प्रतिनिधिसभाको तेस्रो शक्ति नेकपा माओवादी केन्द्रको नेतृत्वमा सरकार बन्यो । उक्त सरकारले वर्षदिन नपुग्दै संसदमा सहभागी लगभग सबै दलले समर्थन लिइसकेको छ भने फेरि विपक्षी कित्तामा सांसद संख्या बढिरहेको छ ।

मधेश बाहेक प्रदेश सरकारले दुई भन्दा बढी मुख्यमन्त्री पाइसकेका छन् । कोशी प्रदेशमा त अहिले पाँचौ सरकार चलिरहेको छ । त्यहाँ मध्यावधिकै भय बढेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पनि सधैं आफ्नो सरकारको चिन्ता गरिरहनु परेको छ । आफै प्रधानमन्त्रीले यो सरकार नढल्ने सार्वजनिक अभिव्यक्ति दिइरहने र प्रमुख सत्तारुढ घटकका नेताहरुले सरकार बदल्नुपर्ने सार्वजनिक अभिव्यक्ति दिइरहेका छन् । यसरी बलियो सरकार नहुँदा अर्थतन्त्रले गति लिन सकेको छैन । अर्थतन्त्र कमजोर भएकाले यसपटकको दशैं पनि थुप्रै समस्याहरुबीच मनाउने तयारीमा नागरिक जुटेका छन् ।

## सर्वसाधरणसँगै...

कार्यक्रममा सहभागी बने ।

स्वास्थ्यमन्त्री रहेका नेपाली कांग्रेसका नेता मोहनबहादुर बस्नेत पनि पोखरा पुगेका थिए । मन्त्री बस्नेतले शुक्रबार दशैं विशेष कार्यक्रममा सहभागिता जनाए । पोखरामै भएको अर्को दशैं विशेष कार्यक्रममा गण्डकी प्रदेशका उर्जामन्त्री सरस्वति अर्याल तिवारी सहभागी भए ।

यी केही प्रतिनिधिमुलक कार्यक्रमको सहभागिताबारे जानकारी मात्रै हो । यस्ता कार्यक्रम लगभग सबैजसो जिल्लामा चलिरहेको छ। दशैं मनाउन जिल्ला पुगेका नेताहरुले गाउँ आएका सर्वसाधरण प्रभावित बनाउन शुभकामना आदानप्रदान कार्यक्रम राखिरहेका छन् ।

## अपजस...

(५) बमोजिम मुख्यमन्त्रीको आह्वान गरिएको थियो । यो उपधाराले प्रदेशसभामा बहुमत जुटाउने प्रदेशसभा सदस्य मुख्यमन्त्री बन्ने प्रावधान छ । यो उपधारा बमोजिम समेत सरकार नबने प्रदेशसभा मध्यावधिमा जान सक्थ्यो ।

मध्यावधि चुनाव गराउने सरकारको नेतृत्व एमालेले गर्थ्यो । किनकि उपधारा (३) बमोजिम एमालेका हिक्मतकुमार कार्की त्यसबेला मुख्यमन्त्री थिए । कामचलाऊ सरकार प्रमुखको हैसियतमा उनैले मध्यावधि चुनाव गराउथे ।

तर अहिले कांग्रेस नेतृत्वमा सरकार बनेको छ । राप्रपा बाहेक सबै दलले विश्वासको मत दिएकाले यो सरकारले स्थीरता पाउने संभावना पनि छ । तर पार्टीको पक्षमै राजनीतिक सफलता दिलाउने डा.शेखरकै पार्टीभित्र दुवै समूहका नेताहरुले आलोचना गरिरहेका छन् ।

## अनलाइन पत्रिका बन्द हुने सूचना

तेस्रो पटक प्रकाशित मितिः २०८०/०७/०४

यस **aksheraa.com** नामक अनलाईन पत्रिका पछि कुनै दायित्व नरहने गरि बन्द गर्न लागिएको हुँदा तत् सम्बन्धमा कोही कसैको केही लेनदेन बाँकी बक्यौता भएमा यो सूचना प्रकाशित मितिले १५ दिनभित्र कार्यालय समयमा सम्पर्क गरी हिसाब मिलान गर्नुहुन अनुरोध गर्दछौं ।

**www.aksheraa.com परिवार**



हार्दिक शुभकामना



नेपालीहरूको महान् चाड **बडा दशैं, दीपावली तथा छठ पर्व २०८०** को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा, बुबा, दाजुभाइ दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दिर्घायु एवम् उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**सिद्धिचरण नगरपालिकाको अनुरोध**

**चाडपर्वको बेला सुरक्षित यात्रा गरौं**

- चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले ।
- पर्याप्त संख्यामा र नियमितरुपमा सवारी साधन सञ्चालन गरौं,
- सवारी साधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं, सवारी साधनको छतमा बसेर यात्रा नगरौं ।
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं, दुर्घटनाबाट आफूपनि बचौ र अरुलाई पनि बचाऔं ।

**चाडबाडको समयमा खानपानमा ध्यान दिऔं**

- मासु तथा मासुजन्य पदार्थको अत्यधिक उपभोग नगरौं,
- काँचो वा पकाएको मासु तथा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं,
- स्वच्छ स्थानबाट स्वस्थ्य मासु तथा मासुजन्य पदार्थ खरिद गरौं,

**हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं**

- चाडपर्वलाई पारिवारिक भेटघाटको अवसरका रुपमा प्रयोग गरौं ।
- चाडपर्वमा अनावश्यक खर्च नगरौं, मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं ।

तेज खनाल, नगर प्रमुख | बलराम लम्साल, प्रमुख प्रसाशकीय अधिकृत | केदारबाबु बस्नेत, उप-प्रमुख

**सिद्धिचरण नगरपालिकाको कार्यालय**

## नमोबुद्ध नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०८०/०७/०४**

यस नमोबुद्ध नगरपालिकाबाट मिति २०८०/०५/१३ मा प्रकाशित सूचना अनुसार पेश आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित एवं सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिका लागि छनौट भएका हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनको लागि सम्बन्धित सबैका जानकारीका निम्ति यो आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | बोलपत्र नं. | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|
| १ | NMUN/NCB/WORK/080/081-03 | श्यामपाटी कुरुगाउँ वडा कार्यालय जोड्ने सडक | श्री एस एण्ड एम निर्माण सेवा प्रा.लि., नमोबुद्ध ०८, काभ्रे | रु.१,३७,२८,६२८।७७ |

## अभियान बहुउद्देश्यीय सहकारी संस्था लि. नयाँबानेश्वर, काठमाडौंको साधारण सभा सम्बन्धी सूचना

**यस अभियान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको संचालक समितिको मिति २०८०/०७/०३ गतेको निर्णय अनुसार निम्न मिति, स्थान र समयमा १७ औं साधारण सभा हुने भएकोले यहाँको गरिमामय उपस्थितिको लागि सम्पूर्ण सदस्य ज्युहरुलाई यो सूचना प्रकाशित गरिएको छ ।**

**कार्यक्रम हुने मिति, स्थान र समयः**
**मितिः २०८० साल कार्तिक २५ गते, शनिवार**
**स्थानः संस्थाको कार्यालय, नयाँबानेश्वर**
**समयः बिहान १०:०० बजे**

**प्रस्तावहरुः**
1. **विभिन्न प्रतिवेदनहरु माथि छलफल र पारित गर्ने ।**
2. **आ.व. २०७९/८० को लेखा परिक्षण प्रतिवेदन पारित गर्ने तथा आ.व. २०८०/०८१ को लागि लेखा परीक्षक नियुक्ति गर्ने ।**
3. **चालू वर्षको बजेट तथा कार्यक्रम अनुमोदन गर्ने ।**
4. **निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने सदस्यको नाम छनौट गर्ने ।**
5. **विविध ।**

**आज्ञाले**
**विष्णु बहादुर कार्की (सचिव)**

## साधारणसभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०७/०४**

यस ओभरसिज नेपालिज इन्भेस्टमेन्ट कम्पनी लिमिटेड (ओनिक)को संचालक समितिको मिति वि.सं २०८० कार्तिक ३ गते, तदानुसार इस्वी सम्वत् २०२३ अक्टोबर २० तारिक शुक्रबारका दिन बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम ओनिकको सातौं साधारणसभा निम्न लिखित मिति, स्थान र समयमा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा गरिमामय उपस्थितिका लागि यो सूचना जारी गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय :**
**मिति** : २०८० कार्तिक २५ गते शनिबार तदानुसार ११ नोभेम्बर सन् २०२३
**समय** : बिहान १२ बजेदेखि बेलुकी ५ बजेसम्म
**स्थान** : किर्तिपुर-९, ढल्पा

**छलफलका विषयहरू :**
१. आर्थिक बर्ष २०७९/२०८० को लेखा परिक्षकको प्रतिवेदन छलफल गरी अनुमोदन गर्ने
२. आर्थिक बर्ष २०८०/२०८१ को लागि कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम लेखा परिक्षक नियुक्त गर्ने
३. नयाँ संचालक समितिको गठन बारे
४. कम्पनीको रजिस्टर्ड कार्यालय परिवर्तन बारे
५. विविध

**कम्पनी सचिव**

Overseas Nepalese Investment Co.Ltd.
कि न पा - ९, ढल्पा, कीर्तिपुर, काठमाडौं, नेपाल
फोन : ०१-४३३००३७, मोबाइल : ९८६१५९५८५९
E-mail : oninvestmentltd@gmail.com
Web : www.onic.com.np

## कुवेतमा रोजगार

कम्पनीः BLOGGER BASKET GROCERY COMPANY
शहरः Kuwait

पुर्व स्वीकृत मितिः २०८०/०७/०३ | चलानी नं.: ६०२०९३५४ | L.T. No.: 294190

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales/barista/waitress/Prepared/cashier | 0 | 2 | स. काममा दक्ष | 130 | ५५,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः AL IZDIHAR JOINT COMPANY FOR GENERAL TRADING
शहरः Kuwait

पुर्व स्वीकृत मितिः २०८०/०७/०३ | चलानी नं.: ६०२०९३७३ | L.T. No.:294191

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Indoor) | 35 | 35 | स. काममा दक्ष | 85 | ३६,५११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कार्तिक ११ गते (28 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ERAM OVERSEAS PVT. LTD.
Govt.Lic.No 1562/079/080
Sinamangal-09, Kathmandu, Tel.: 01-4492260
Email: eramoverseas074@gmail.com
Web: www.eramoverseas.com

## मलेसियामा रोजगार

कम्पनी : MW SECURITY SDN BHD
शहरः Malaysia

पूर्व स्वीकृत मितिः २०८०/०६/२५ | चलानी नं.: ६०२०९३७८ | LT. No.: 293961 | पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 32 | 0 | स. काममा दक्ष | 1500 | ४१,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कार्तिक ११ गते (28 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Govt. Lic. No.: 821/066/067
ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
BRANCH OFFICE'S:
Pokhara : 061-590070 | 590071 | 9856036098, Chitwan : 056-595592 | 9802909595,
Butwal : 071-533111 | 9857077841, Birtamod : 023-532754 | 9807981913, Janakpur: 9807806454 | 9851128051

## मलेसियामा रोजगार

कम्पनीः TAFADHDAL SECURITY SDN BHD
शहरः Kuala Lampur

पूर्व स्वीकृत मितिः २०८०/०७/०३ | चलानी नं.: ६०२०९३७५ | L.T.No.: 294352

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 30 | 0 | स. काममा दक्ष | 1500 | ४१,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० कार्तिक ११ गते (28 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

गोर्खा नेपाल प्लेसमेन्ट सर्भिसेज प्रा. लि.
श्रम इजाजत नं. १२५/०६७/०६८
बसुन्धारा-९, धापासी, फोनः ४३८०७७८, ४३८०८७९, फ्याक्सः ४३६६३५८
Email: gnps925@gmail.com | URL: www.gnpsnepal.com

## पिड्थली राजबास चारकिला तीनखुट्टे देविटार सडक खण्ड (२५.७७३ कि.मि.) स्तरोन्नति आयोजनाको को निर्माणका लागि प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मितिः.२०८०/०७/०४)

नेपाल सरकार, बागमति प्रदेश, भौतिक पूर्वाधार विकास मन्त्रालय,यातायात पूर्वाधार निर्देशनालय, पूर्वाधार विकास कार्यालय, धुलीखेल, काभ्रेपलाञ्चोकद्वारा, बागमति प्रदेश, काभ्रेपलाञ्चोक जिल्ला, रोशी गाउँपालिका वडा नं ६, ८, र ९ र महाभारत गाउँपालिकाको वडा नं.४ र ५ मा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | | |
|---|---|---|
| प्रस्तावकको नाम र ठेगाना | पूर्वाधार विकास कार्यालय<br>धुलिखेल, काभ्रेपलाञ्चोक<br>ईमेलः idokavrepalanchok@gmail.com<br>सम्पर्क नं.: ०११-४९०७१३/४९०४५९ | |
| प्रस्तावना नं. | प्रस्तावको व्याहोरा | प्रभाव पर्ने जिल्ला/न.पा गा.पा/ वडा |
| १ | पिड्थली राजबास चारकिल्ला तीनखुट्टे देविटार सडक खण्ड (२५.७७३ कि.मि.) को स्तरोन्नति कार्य रहेको छायस आयोजनाले हाल कायम रहेको २५.७७३ कि.मि. लम्बाई र औसत ४ मि. चौडाई रहेको सडकलाई स्तरोन्नति गरि ८ मि. चौडाइ (५.५ मि Carriageway, १ मि. को ड्रेनेज एक पट्टि र ०.७५ मि. को Shoulder width दुवै पट्टि) बनाई Asphalt concrete सडकको रुपमा स्तरोन्नति गर्नेछायस सडक खण्डको प्रस्तावित क्षेत्राधिकार सडकको मध्य रेखाबाट दायाँ बायाँ १५/१५ मिटर गरी जम्मा ३० मिटर रहेको छ । | काभ्रेपलाञ्चोक जिल्ला, रोशी गाउँपालिका वडा नं ६, ८, र ९ र महाभारत गाउँपालिकाको वडा नं. ४ र ५ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनका क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका, वडा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति या संस्थाको राय सुझाव लिन आवश्यक भएकोले निम्न मिति र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गइरहेको हुँदा सम्पूर्ण सरोकारवाला संस्था र व्यक्तिहरूमा उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ छ ।

सार्वजनिक सुनुवाई कार्यक्रम हुने मिति, समय र स्थान
मितिः २०८०/७/१८, शनिबार
समयः विहान ११;०० बजे
स्थानः विन्ध्यावासिनि मा.वि.परिसर
राजबास, रोशी गाँ. पा -९ ।